१८ पौष,२०७८
सितापाईला, काठमाण्डौ ।

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले अपनाएको बिधि र सेवा वितरण प्रणालीमा केही नयाँ प्रवृत्ति, चुनौती र अवसरहरू देखिएकोले यी चुनौती र अवसरहरूलाई सम्बोधन गर्ने क्रममा कर्जा व्यवस्थापन तथा वर्तमान कठिन अवस्थामा शाखा प्रबन्धकहरूको क्षमता अभिवृद्धि गर्न थप तालिम दिई सक्षम र सबल बनाउनु आवश्यक महशुस गरी मिति २०७८ पौष १६ देखि १७ सम्म सितापाईला, काठमाण्डौमा Motivational बिषयक तालिम संचालन गरिएको थियो । उक्त तालिममा संस्थाका का.मु. मुख्य प्रबन्धक श्री ज्ञानेन्द्रप्रसाद अर्यालले सहभागीहरूलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।




संस्थाका का.मु. सहायक महाप्रबन्धकहरू श्री हेमकुमार काफ्लेले शाखा प्रबन्धकको काम र कर्तव्यको बारेमा, श्री पुष्पराज अधिकारीले संस्थाले संचालन गरिरहेको CBS तथा AML/CFT को बारेमा तालिम दिनुभएको थियो । साथै श्रोत ब्यक्तिका रूपमा आउनु भएका श्री मेघराज गजुरेलले Motivation बारेमा, श्री पृथबहादुर थापाले Analysis Of Financial Indicator बारेमा र श्री गोबिन्द राउतले Delinquency Management बारेमा तालिम दिनु भएको थियो भने सस्थाकै बरिष्ठ अधिकृतले यस तालिममा स्रोत व्यवस्थापक रूपमा तालिम दिनु भएको थियो । यस तालिममा जम्मा ३३ जना शाखा प्रबन्धक (बरिष्ठ कार्यक्रम सहायक) हरूले भाग लिएका थिए र उक्त कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले सहभागीहरूलाई आफ्नो भनाई सहित कार्यक्रम समापन गर्नु भएको थियो ।